# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

## Grameen Bikash Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट (घ) वर्गको इजाजतपत्र प्राप्त संस्था

**प्रधान कार्यालय: बुटवल–१०, कालिकानगर, रुपन्देही**

**फोन:** ०७१-४३८९५१, ४३८९२९, ४३८९५३ **फयाक्स:** ०७१-४३८९५४

## लेखापरीक्षण नभएको वित्तीय विवरण

## आर्थिक वर्ष २०७९/८० (प्रथम त्रयमास)

*रकम रु. हजारमा*

| क्र.स. | विवरण | मिति | | |
|---|---|---|---|---|
| | | २०७९ असोज मसान्त | २०७९ असार मसान्त | २०७८ असोज मसान्त |
| **१.** | **कुल पुँजी तथा दायित्व (१.१ देखि १.७ सम्म)** | **१६,१५०,७०४** | **१६,४९५,५७३** | **१६,७६०,९८४** |
| १.१ | चुक्ता पुँजी | ९८२,५०० | ९८२,५०० | ९८२,५०० |
| १.२ | जगेडा तथा कोषहरु | १,२७७,९२५ | १,१४२,६२२ | १,१०७,०५१ |
| १.३ | ऋणपत्र तथा बण्डहरु | – | – | – |
| १.४ | सापटी | ६,३८१,३३८ | ६,६४२,१०५ | ७,०२१,०५० |
| १.५ | निक्षेपहरु (क+ख) | ३,७८८,९८० | ३,९२१,८४३ | ३,८४९,७८९ |
| | क. सदस्य | ३,७८८,९८० | ३,९२१,८४३ | ३,८४९,७८९ |
| | ख) सर्वसाधारण | – | – | – |
| १.६ | आयकर दायित्व | | ८४,९४५ | ३९,४७० |
| १.७ | अन्य दायित्व | ३,७१९,९६१ | ३,७२१,५५८ | ३,७६१,१२४ |
| **२** | **कुल सम्पत्ति (२.१ देखि २.७ सम्म)** | **१६,१५०,७०४** | **१६,४९५,५७३** | **१६,७६०,९८४** |
| २.१ | नगद तथा बैंक मौज्दात | ५७४,८९८ | ५०८,२४४ | ५७७,३२९ |
| २.२ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – | – | – |
| २.३ | लगानी | २,०२५ | २,०२५ | २०२,०२५ |
| २.४ | कर्जा तथा सापट | १३,२४५,१२५ | १३,६७७,८४४ | १३,५९२,६९० |
| २.५ | स्थिर सम्पति | २५,६७० | २४,९७५ | २४,३२७ |
| २.६ | गैर बैकिङ्ग सम्पति | – | – | – |
| २.७ | अन्य सम्पतिहरु | २,३०२,९८६ | २,२८२,४८५ | २,३६४,६१३ |
| **३** | **नाफा नोक्सान हिसाव** | | | |
| ३.१ | ब्याज आम्दानी | ४५९,०२५ | २,०९०,२६९ | ४७७,४२६ |
| ३.२ | ब्याज खर्च | २३९,२०१ | ८२७,३१७ | १७५,३६४ |
| **क. खुद ब्याज आम्दानी (३.१-३.२)** | | **२१९,८२४** | **१,२६२,९५२** | **३०२,०६२** |
| ३.३ | कमीशन तथा अन्य सञ्चालन आम्दानी | ३०,३१९ | १८२,०६५ | ५९,१९८ |
| ३.४ | सटही घटवढ आम्दानी/नोक्सन (खुद) | – | – | – |
| **ख. कुल संचालन आम्दानी (क+३.३+३.४)** | | **२५०,१४३** | **१,४४५,०१७** | **३६१,२६०** |
| ३.५ | कर्मचारी खर्च | १८६,२१६ | ८७०,८४० | १५९,६२२ |
| ३.६ | अन्य संचालन खर्च | ३०,८१२ | १७४,३१७ | २७,२११ |
| **ग. सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा (ख-३.५-३.६)** | | **३३,११५** | **३९९,८६०** | **१७४,४२७** |
| ३.७ | सम्भावित नोक्सानी व्यवस्थाहरु | १,३४८,०७३ | २०७,८५५ | ३८,९९६ |
| **घ. सञ्चालन मुनाफा (ग-३.७)** | | **(१,३१४,९५८)** | **१९२,००५** | **१३५,४३१** |
| ३.८ | गैर सञ्चालन आम्दानी/नोक्सान (खुद) | | | |
| ३.९ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १,३०३,१२३ | १०६,०४९ | ९,२९१ |
| **ङ. नियमित कारोवारहरुबाट भएको मुनाफा/(खर्च) (घ+३.८+३.९)** | | **(११,८३५)** | **२९८,०५४** | **१४४,७२२** |
| ३.१० | असामान्य कारोवारहरुबाट भएको आम्दानी/नोक्सान (खुद) | | | |
| **च. बोनस तथा कर अघिको मुनाफा (३.१०)** | | **(११,८३५)** | **२९८,०५४** | **१४४,७२२** |
| ३.११ | कर्मचारी बोनस व्यवस्था | | १४,९०३ | १३,१५७ |
| ३.१२ | आयकर व्यवस्था | | ८४,९४५ | ३९,४७० |
| **छ. खुद नाफा/(नोक्सान) (च-३.११-३.१२)** | | **(११,८३५)** | **१९८,२०६** | **९२,०९६** |
| **४** | **अनुपातहरु (%)** | | | |
| ४.१ | पुँजीकोष/जोखिम भारित रकम | ११.४८% | १०.१३% | १०.८९% |
| ४.२ | निष्कृय कर्जा/कुल कर्जा | ४.९१% | ४.४९% | ३.२५% |
| ४.३ | कुल कर्जा बापत जोखिम व्यवस्था/ कुल निष्कृय कर्जा | १४८.०२% | १४९.६५% | १९१.६०% |
| ४.४ | Cost of Fund (वित्तीय लागत) | ९.१०% | ८.७३% | ६.६८% |
| ४.५ | Deposit to Credit Ratio (निक्षेप/ कर्जा अनूपात) | २८.६१% | २८.६७% | २८.३२% |

सुपरीवेक्षण गर्ने निकाय तथा वाह्य लेखापरीक्षकले माथिको अपरिष्कृत वित्तीय विवरणमा थप घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीयविवरणमा फरक पर्न सक्नेछ। विगत अवधिको रकमहरुलाई आवश्यकता अनुसार पुर्नसमूहकरण तथा पुर्नवर्गिकरण गरिएको छ।

**ब्याजदर**

बचतमा ५-८.५ प्रतिशत र कर्जामा १४.५०-१५.०० प्रतिशत

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सग सम्बन्धित)**

## आ.व. २०७९/८० को प्रथम त्रैमासिक प्रतिवेदन

**१. प्रमुख वित्तीय विवरण:**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :** यसै साथ प्रकाशित गरिएको छ।

**ख) प्रमुख वित्तीय अनुपातहरू :**

**प्रति शेयर आम्दानी (वार्षिक): रु. (४.८०)** **मूल्य आम्दानी अनुपात : (१२५.४२)** **प्रति शेयर कूल सम्पत्ति : रू.१,६४३.८४ तरलता अनुपात : ५.६५** **प्रति शेयर नेटवर्थ : रु. २३०.०७** **पुँजीकोष अनुपात : ११.४८ प्रतिशत**

२. **व्यवस्थापकीय विश्लेषण** :

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:** समीक्षा अवधिमा संस्थाको सदस्य संख्या, लगानीमा रहेको कर्जा, बचत कारोवार, संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ। बजारमा तरलताको अत्याधिक अभाव रहेको भएतापनि समीक्षा अवधिमा संस्थाको तरलतामा सामान्य बृद्धि भएको छ। आवश्यक तरलता व्यवस्थापनमा संस्था कटिबद्ध छ। समीक्षा अवधिमा कर्जा तथा मुनाफाको स्थिती सम्बन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:** राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस संस्थाले लघुवित्त सेवाको पहुँच नेपाल अधिराज्यभरका सबै स्थानिय तहमा पुर्‍याउने लक्ष्यको साथ कार्य गरिरहेको छ। यस संस्थाको कार्यक्रम पुग्न बाँकी रहेका जिल्लाहरूमा कार्यक्रम बिस्तारको लागि नयाँ अवसरको पहिचान सहित योजनाबद्ध रूपमा संस्थाको कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन भइरहेको छ। आगामी दिनमा संस्थाले प्रदान गर्ने सेवालाई ग्राहक सदस्यहरूको चाहना र आवश्यकता अनुसार समय सापेक्ष अझ परिष्कृत गर्दै लैजान व्यवस्थापन लागि रहेको छ।

ग) **बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रबाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:** बर्तमान परिस्थितिमा सम्पूर्ण बैकिङ्ग प्रणालीमा तरलताको अभाव रहेको र यसैको कारण संस्थाको कोषको लागतमा बृद्धि हुन गएको छ। संस्थाको लागि आवश्यक वित्तीय श्रोत समेत उपलब्ध हुन नसकेको अवस्था रहेको छ। समक्षिा अवधिमा कोषको लागतमा बृद्धि हुन गएको कारणले संस्था सामान्य नोक्सानीको अवस्थामा रहेको छ। मुलकमा श्रृजना हुने विभिन्न किसिमका राजनैतिक, आर्थिक, प्राकृतिक घटना परिघटनाले यस संस्थामा केही असर परेको छ। बजारमा देखिएको तरलता अभावको कारण ग्राहक सदस्यहरूको आम्दानीमा कमी आएको कारणले गर्दा कर्जाको साँवा र ब्याज नियमित असुलीमा समस्या उत्पन्न भएको छ। यसैगरी नेपाल अधिराज्यमा चलिरहेको लघुवित्त वित्तीय संस्थाहरूको कर्जा नतिर्ने प्रवृत्तिले समेत ग्राहक सदस्यहरू त्यस्तो अभियानमा आवद्ध भई कर्जाको किस्ता र ब्याज नियमित भुक्तानी गर्न आलटाल गरिरहेको अवस्था रहेकोले नियमित कर्जा असुलीमा समस्या उत्पन्न भएको छ। संस्थाको कर्जा तथा बचत कारोबारमा नियमितता ल्याई कर्जाको गुणस्तर कायम राख्न व्यवस्थापन क्रियाशील रहेको छ।

**३. कानूनी कारवाही सम्वन्धी विवरण :**

क) गत त्रैमासिक अवधिमा संस्थालाई प्रतिवादी बनाई कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी आदि अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण** :

क) यस संस्थाका शेयरहरू नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोवार भइरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्वन्धित निकायहरूलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले समयमै उपलब्ध गराएको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार देहाय बमोजिम रहेको छ :

| | | |
|---|---|---|
| **शेयरको अधिकतम मूल्य: रु. ९००।–** | **शेयरको न्यूनतम मूल्य: रु.५८५।–** | **शेयरको अन्तिम मूल्य : रु.६०२।–** |
| **कारोवार भएको कुल दिन: ६५ दिन** | **कारोवार भएको कुल शेयर संख्या: ५,९२,९३६** | **कारोबार संख्या : ५,८४३** |

५) **समस्या तथा चुनौती :**

**समस्या:**

(क) तरलतामा अत्याधिक चापको कारण बैकिंङ्ग क्षेत्रमा देखिएको तरलता समस्या गहिरिदै जानु। (ख) वित्तीय श्रोतको अभाव र अनिश्चितता। (ग) ऋण सापटको स्थिर ब्याजदरको अभाव र ब्याजदर बृद्धि हुदै गइरहेको। (घ) कोभिड–१९ संक्रमण जोखिमले प्रभावित ग्राहक सदस्यहरूको परियोजनाहरू कोभिड भन्दा अघिकै अवस्थामा सञ्चालन हुन नसकेकोले किस्ता भुक्तानीमा कठीनाई भएको र यसले लघुवित्त क्षेत्रमा दिर्घकालिन प्रभाव पार्ने देखिएको। (ङ) लघुवित्त वित्तीय संस्थाहरू बीच अस्वस्थ्य प्रतिस्पर्धा। (च) देशमा हाल विभिन्न संगठनहरू गठन गरी लघुवित्त वित्तीय संस्थाहरूको कर्जा नतिर्ने प्रबृत्तिको कारणले लघुवित्त वित्तीय संस्थाहरूको कर्जा असुलीमा समस्या देखिनु। (छ) लघुवित्त वित्तीय संस्थाहरू बीच अस्वस्थ्य प्रतिस्पर्धाले कर्जा लगानीमा दोहोरोपना (बहुबैकिंङ्ग) हुनु। (ज) कर्जाको ब्याजदर स्थिर रहेको तर कोषको लागतमा अत्याधिक बृद्धि हुदै गएकोले स्थिर ब्याजदर कायम हुननहुने यकिन नभएको। (झ) वित्तीय बजारमा देखिएको तरलता अभावको कारण ग्राहक सदस्यहरूको आम्दानीमा कमी आई कर्जाको साँवा र ब्याज नियमित असुलीमा समस्या उत्पन्न भएको।

**रणनीति:**

(क) श्रोतको उचित व्यवस्थापन एवम् सुरक्षित लगानीलाई उच्च प्राथमिकता दिई संस्थाका काम कारवाहीलाई थप चुस्त दुरूस्त बनाई प्रतिस्पर्धात्मक ढंगले कार्य अघि बढाउने। (ख) खर्चमा मितव्यीयता अपनाउने। (ग) कारोबारलाई पूर्णरूपमा यान्त्रीकीकरण गरी सुरक्षित बनाउदै लैजाने। (घ) कर्मचारीहरूको क्षमता अभिबृद्धिको लागि विभिन्न तालिमहरू सञ्चालन गर्ने। (ङ) दक्ष र प्रविधिमैत्री जनशक्ती भर्ना गर्दै जाने। (च) कर्जा असुलीमा बिशेष जोड दिई कर्जाको गुणस्तर कायम गर्ने। (छ) बचत संकलन बृद्धि गरी आन्तरिक श्रोत परिचालन बृद्धि गर्दै जाने। (ज) वित्तीय श्रोत पूर्तिको लागि नयाँ उपकरणहरू परिचालन गरी श्रोतको व्यवस्थापन गर्ने।

६) **संस्थागत सुशासन :** संस्थागत सुशासन कायम गर्न संस्थाको सञ्चालक समिति, लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ती शुद्धीकरण अनुगमन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति दायीत्व व्यवस्थापन समिति लगायत विभिन्न आन्तरिक समितिहरू कृयाशील रहेका र सम्पादन गरिएका कार्यहरूको मूल्यारन गर्ने र सोको आधारमा उपयुक्त रणनीति अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिइएको छ। नेपाल राष्ट्रबैंकबाट लघुवित्त संस्थाहरूलाई जारी भएका निर्देशनहरूको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्रबैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानूनको अनुपालना गरिएको साथै आवश्यकता अनुसार संस्थाको कार्यक्रमलाई सुदृढ बनाउन आवश्यक नीति नियम तथा कार्यविधि बनाई लागू गरिएको छ।

७) **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरूलाई शुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।